ईश्वरपूर नगरपालिका, सर्लाही
मधेस प्रदेस, नेपाल






# पहुँच परियोजना

# सफलताका कथाहरू









पहुँच परियोजना
सफलताका
कथाहरू

# ईश्वरपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
ईश्वरपुर, सर्लाही
मधेश प्रदेश, नेपाल

फोन नं. :- ०४६-५७५००५
फ्याक्स नं. :- ०४६-५७५००५
ishwarpur2071@gmail.com


प.सं. :- २०८१/०८२
च.नं. :- २०२८

नगर प्रमुखको तर्फबाट



नेपालको संविधान २०७२ ले सामाजिक सुरक्षालाई नागरिकको हकको रुपमा स्थापित गरिदिएको छ। समाजमा पछाडी परेका, असाहय, जोखिम तथा संकटासन्नतामा रहेका नागरिकहरुलाई राज्यको तर्फबाट सामाजिक सुरक्षाको प्रत्याभूतिका लागि संघीय सरकार, प्रदेश सरकारका साथसाथै स्थानीय सरकारले पनि विभिन्न कार्यक्रमहरु निर्माण गरि सञ्चालन गरिरहेको छ । यस पालिकामा पुहँच परियोजनाले सन् २०२२ देखि सरकारको प्राथमिकतामा रहेको सामाजिक सुरक्षा कार्यक्रमहरुलाई नागरिक सम्मको सहज पहुँचमा लैजानका लागि प्रभावकारी रुपमा कार्यक्रम सञ्चालन गर्दै आएको छ। यसै सन्दर्भमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न छुटेका व्यक्तिहरुलाई आवश्यक सहयोग तथा समन्वय गरि उनीहरुलाई पहुँचमा ल्याउने र बाल पोषण भत्ता प्राप्त गर्ने वालबालिकाका अभिभावकहरुलाई वालवालिकाको उचित स्याहार सुसार, उनीहरुसँग सुमधुर सम्वन्ध स्थापना तथा पोषण सम्वन्धि अभिभावक सचेतना कार्यक्रम पनि सञ्चालन गर्दै आएको छ । यो कार्यक्रमले साच्चिकै बालवालिकाको सर्वाङ्गिण विकासमा महत्वपूर्ण भूमिका खेलेको देखिएकोले यस नगरपालिकाले पनि सहकार्य गर्दै आईरहेको छ । परियोजनाका क्रियाकलापहरुद्धारा लाभग्राहीहरुमा परेको सकारात्मक प्रभावहरुलाई समेटेर सफलताका कथाहरु प्रकाशन गर्ने योजना जुन रहेको छ यो साह्रै सह्रानीय छ र जुन कथाहरु यस ईश्वरपुर नगरपालिकाको वेवसाईटमा राखेर नागरिकलाई सुसुचित गर्दा यसको प्रभावकारीता अझ बढी रहने भएकोले यसका लागि सहयोगी हातको रुपमा रहेकोमा सेभ द चिल्ड्रेन र ग्रामीण नारी उत्थान संघ, हरिपुर-०२, सर्लाही लाई धन्यवाद दिन चाहन्छु। पहुँच परियोजनाले हाम्रो पालिकामा गरेको यो प्रभावकारी कार्यको म प्रशंसा गर्न चाहन्छु र भविष्यमा यस्तै कार्यक्रमको अपेक्षा गर्दछु ।

..................
नगर प्रमुख
ईश्वरपुर नगरपालिका

मनोज कुमार आचार्य
नगर प्रमुख

ईश्वरपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ईश्वरपुर, सर्लाही
मधेश प्रदेश, नेपाल

फोन नं. :- ०४६-५७५००५
फ्याक्स नं. :- ०४६-५७५००५
website :- www.ishworpurmun.gov.np
email :- info@ishworpurmun.gov.np
ishworpur2071@gmail.com

प.सं. :- २०८१/०८२
च.नं. :- 2029

## उप-प्रमुखको भनाई



सामाजिक सुरक्षा भत्ता तथा अभिभावक सचेतना कार्यक्रम सेभ द चिल्ड्रेन र ग्रामीण नारी उत्थान संघ, हरिपुर-०२, सर्लाही को साझेदारी तथा यस ईश्वरपुर नगरपालिकाको सहकार्यक्रमा सन् २०२२ देखि सञ्चालन भईरहेको छ । परियोजनाले सामाजिक सुरक्षा भत्ताका लागि योग्य भएर पनि विभिन्न कारणले छुटेका व्यक्तिहरुको पहिचान गरि उनीहरुलाई भत्ताको पहुँचमा ल्याउन प्रभावकारी भूमिका रहेको छ । यसका साथै वाल पोषण भत्ता प्राप्त गर्ने वालवालिकाका अभिभावकहरुलाई अभिभावक सचेतना कार्यक्रम पनि सञ्चालन गरी वालवालिकाको विकासमा महत्वपूर्ण भूमिका खेलेको कुरा मैले प्रत्यक्ष रुपमा अनुगमनको दौरान महशुस गरेको छु । परियोजनाले पारेको प्रभावलाई लिएर पालिकासँगको सहकार्यमा सफलताका कथाहरु निर्माण गर्न सहयोगी भूमिका खेलेकोमा परियोजनाको सम्पूर्ण टिमलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

Ran
उप-प्रमुख
ईश्वरपुर नगरपालिका

# ईश्वरपुर नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

ईश्वरपुर, सर्लाही
मधेश प्रदेश, नेपाल
२०७३

फोन नं. :- ०४६-५३१००५
फ्याक्स नं. :- ०४६-५३१००५
website :- www.ishworpurmun.gov.np
email :- info@ishworpurmun.gov.np
ishworpur2071@gmail.com


प.सं. :- २०८१/०८२
च.नं. :- 2030

### प्रमुख प्रशासकीय अधिकृतको भनाई



बाल संवेदनशील सामाजिक सुरक्षा परियोजना सेभ द चिल्ड्रेन र ग्रामीण नारी उत्थान संघ, हरिपुर-०२, सर्लाही को साझेदारी र यस ईश्वरपुर नगरपालिकाको समन्वय एवम् सहकार्यमा सन् २०२२ देखि सञ्चालन भईरहेको छ। परियोजनाले सामाजिक सुरक्षा भत्तामा नागरिकहरुको पहुँच सुनिश्चित गर्न विभिन्न गतिविधि सञ्चालन गर्दै आईरहेको छ र यो कार्यक्रमले गर्दा वास्तविक सहयोगको आवश्यकता भएका र सूचनाको पहुँचवाट वाहिर रहेका विपन्न तथा जोखिममा रहेका समूदायलाई सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने कार्य को लागि प्रभावकारी रुपमा कार्य गर्दै आइरहेको छ। यस साथसाथै बालवालिका र अभिभावकवीचको सुमधुर एवम् सु-सम्वन्ध स्थापना गर्न, वालवालिकाको उचित स्याहार सुसारका लागि अभिभावक सचेतना कार्यक्रम पनि सञ्चालन गरिरहेको छ । अभिभावक सचेतना कार्यक्रमले समुदायका विशेष गरि आमाहरुको वालबालिकालाई हुर्काउने परम्परागत हानिकारक अभ्यासहरुलाई न्यून गर्दै बालवालिकालाई सकारात्मक तवरवाट कुराकानी गर्ने तथा स्याहार सुसार गर्ने वातावतरणको सृजना भएको छ। परियोजनाले ईश्वरपुर नगरपालिकासँगको सहकार्यमा आफ्ना गतिविधि निर्माण गरि स्थानीय सरकारको नीति तथा कार्यक्रममा सहयोगी भूमिका खेलेको छ। यसै सन्दर्भमा परियोजना सञ्चालनका आधारमा लाभग्राहीमा परेका सकारात्मक प्रयासहरुलाई समेटेर सफलताका कथा प्रकाशन गर्न र यस पालिकाको वेवसाईटवाट उक्त कथाहरु प्रकाशन गर्न सहयोगी भूमिका खेल्नुभएकोमा सेभ द चिल्ड्रेन र ग्रामीण नारी उत्थान संघ, हरिपुर-०२, सर्लाही लाई यस ईश्वरपुर नगरपालिका र मेरो तर्फवाट हार्दिक धन्यवाद दिन चाहन्छु।

प्रमुख प्रशासकीय अधिकृत
ईश्वरपुर नगरपालिका

प्रमुख प्रशासकीय अधिकृत

# पहुँच परियोजनाको एक संक्षिप्त परिचय

**परियोजनाको नामः** बाल संवेदनशील सामाजिक सुरक्षा परियोजना (पहुँच)
**परियोजनाको अवधिः** सन् २०२२ जनवरीदेखि २०२५ डिसेम्बरसम्म
**परियोजना कार्यान्वयन गर्ने स्थानीय साझेदार संस्थाः** ग्रामीण नारी उत्थान संघ (RWUA)
**परियोजनाको कार्यक्षेत्रः** ईश्वरपुर नगरपालिकाका सबै वडाहरू
**सहयोगी संस्थाः** सेभ द चिल्ड्रेन
**परियोजनाले काम गर्ने मुख्य क्षेत्रहरूः**

- नेपाल सरकारद्वारा प्रदान गरिने सामाजिक सुरक्षा भत्ता कार्यक्रमको प्रभावकारी कार्यान्वयन प्रणाली सवलीकरणको लागि स्थानीय सरकारसँग समन्वय तथा सहकार्य गर्ने,
- सामाजिक सुरक्षा भत्ताका लागि योग्य तर विविध कारणले यसबाट वञ्चित व्यक्तिहरूको पहिचान गरि उनीहरूलाई सामाजिक सुरक्षा भत्ता प्राप्तिको लागि दर्ता प्रकृयामा ल्याउन आवश्यक सहयोग र सहजीकरण गर्ने,
- बाल पोषण भत्ता प्राप्त गर्ने बालबालिकाका अभिभावकहरूलाई अभिभावक शिक्षा कार्यक्रम सञ्चालनका लागि स्थानीय सरकारसँग समन्वय तथा सहकार्य गर्ने,
- जोखिम तथा संकटासन्नतामा रहेका नागरिकहरूलाई सामाजिक सुरक्षा प्रदान गर्न स्थानीय सरकारको नीति निर्माणमा सहयोग गर्ने ।

## सन् २०२२ देखि हालसम्म परियोजनाले हाँसिल गरेका प्रमुख उपलब्धिहरूः

नगरपालिकाका ६ वटा वडाका १२ जना महिलाले अभिभावक कक्षा सहजीकरण सम्बन्धि तालिम प्राप्त गरि समूदायस्तरमा अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरिरहेका छन् ।

५५६ जना अभिभावकले अभिभावक सचेतना कार्यक्रमका १२ वटा साप्ताहिक कक्षामा सहभागी भई नमुना अभिभावकको रूपमा आफूलाई समुदायमा चिनाएका छन् र अन्य अभिभावकहरूलाई पनि असल अभिभावक बन्नका लागि उत्प्रेरित गरिरहेका छन् ।

सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य तर छुटेका भनि पहिचान भएका जम्मा २८० जना मध्ये १८४ जना बालपोषण भत्ता, ७ जना पूर्ण अशक्त अपाङ्गता र २१ जना अति अशक्त अपाङ्गता भत्ता, १३ जना विधवा, ९ जना एकल महिला, ४६ जना जेष्ठ नागरिकको लागि दर्ता भई सामाजिक सुरक्षा भत्ताको लाभ लिईरहेका छन् ।

सामाजिक सुरक्षाको क्षेत्रमा पालिकाको प्रणाली सवलीकरण गर्न केही उल्लेख्य कार्य भएका छन्, जस्तै— सामाजिक सुरक्षा नीति निर्माणमा सहजीकरण तथा प्राविधिक सहयोग, सम्बन्धित पालिका, वडाका प्रतिनिधि तथा कर्मचारीहरूलाई सामाजिक सुरक्षा तथा घटना दर्ता सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन तथा अभिभावक सचेतना कार्यक्रम सञ्चालन कार्यविधि निर्माण भएको छ ।

# स्थानीय जनप्रतिनिधीहरुको भनाई

पहुँच परियोजनाको बाल पोषण अनुदान कार्यक्रमले बालबालिका तथा स्याहारकर्तामा अपेक्षाकृत उपलब्धी ल्याएको हुँदा यस वडावाट यसलाई निरन्तरताको लागि रु १ लाख बजेट विनियोजन गरेका छौ ।

**पञ्ची महतो, वडा नं. ५**

बाल संबेदनशील अभिभावकत्व सत्र द्वारा हाम्रो मुस्लिम महिलाहरुप्रति जागरुकता र बच्चा प्रति गरिने सकारात्मक व्यवहार परिवर्तन प्रति हामी खुसी छौ ।

**रहमन अन्सारी, वडा नं. ६**

सामाजिक सुरक्षा भत्तामा योग्य भएर छुटेका व्यक्तिहरुको आवश्यक कागजपत्र जुटाउन तथा अन्य खर्चहरु (नागरिकता तथा घटनादर्ता, यातायात खर्च, स्वास्थ्य परिक्षण खर्च इत्यादि) मा सहजीकरण गरी भत्तामा पहूँचको लागि विपन्न र असहायहरुप्रति गरिएको कार्य उदाहरणीय रहेको छ । यसकारण पहूँच परियोजना प्रति वडा कार्यालय धन्यवाद व्यक्त गर्दछु ।

**नाथुराम चौधरी, वडा नं. ७**

पहुँच परियोजनाको सवै कृयाकलापहरु समुदाय स्तरका लागि उपलब्धीमूलक भएकाले विशेषगरी बाल संबेदनशील अभिभावकत्व कार्यक्रमले बालबालिकाको समग्र विकासलाई सहयोग पुर्याएको हुँदा यस कार्यक्रमको निरन्तरताको लागि हाम्रो वडाले बजेट विनियोजन गरी कार्यक्रम संचालन गरिरहेका छौँ । यो कार्यक्रम धेरै राम्रो छ ।

**श्याम बहादुर थापा, वडा नं. ८**

वडा स्तरीय गुनासो सुनुवाई मार्फत सामाजिक सुरक्षा भत्ता पाउन योग्य तर विविध कारणले छुटेका व्यक्तिको पहिचान गरी पहुँच परियोजनासँग सहकार्यमा हाम्रो वडाले विपन्न, दलित लक्षित गरी यो कार्यक्रमलाई सहयोग गरी भत्तामा पहुँच पुर्याएको छौ ।

**नन्दलाल चौधरी, वडा नं. ९**

पहूँच परियोजना तथा ईश्वरपुर नगरपालिकाको सहकार्यमा रेडियो कार्यक्रम मार्फत सामाजिक सुरक्षा भत्ताको लागि आवश्यक पर्ने कागजात के ? कहाँ ? कसरी गर्ने ? भन्ने सुचना प्रसारण गरी सवैलाई पहुँच पुर्याउन गरेको सहयोगले मेरो वडामा सबै जना सुसुचीत भएकाले म अत्यन्तै खुसी छु ।

**रास नारायण चौधरी, वडा नं. १०**

# “बचत गर्ने बानीले ऋण माग्नु परेको छैन”

मेरो नाम रिना हो । म ईश्वरपुर नगरपालिका–९ मा बस्छु । मेरो श्रीमान् वैदेशिक रोजगारीमा हुनुहुन्छ । म घरव्यवहार र बाख्रापालनका काममा व्यस्त हुन्छु । मेरी एक छोरी विद्यालय जाने उमेरकी छन् भने अर्की छोरी काखमा नै छिन् । मैले छोरीलाई विद्यालय जान नमानेमा १० रुपैयाँ दिएर बिस्कुट, चिजबल, पाउरोटी र चाउचाउ जस्ता तयारी खानेकुरा किनेर फकाउने गर्दथेँ । सानी छोरी गर्भमा हुर्किरहेको समयमा आर्थिक अभावका कारण सुख्खा खानामात्र खान पाउथेँ, पोषणयुक्त खाना खानको लागि समस्या थियो । दैनिक आम्दानी र खर्चको व्यवस्थापन गर्न जानेको पनि थिइन् र पैसाको समस्या परेका बेलामा निकै गाह्रो हुन्थ्यो ।

मैले अभिभावक शिक्षा कक्षाबाट खर्च र आम्दानीको व्यवस्थापन गर्न सिकेँ । हामीले बाहिरको खानेकुराखाँदा बच्चाको स्वास्थ्यमा असर परी खर्च बढी हुने कुराको जानकारी पाएपछि मैले छोरीलाई किनेर दिने गरेको बिस्कुट, चिजबल, चाउँचाउँलाई बन्द गरी विद्यालयको लागि खाजा घरमा नै पकाएको परिकार पठाउँदा अहिले मेरी छोरी विरामी पर्न छोडेकी छन् र खर्च पनि कम भएको छ । बाहिरका खानेकुरा किन्ने पैसाको बचत गरेर र बाख्रा पालेर अहिले मासिक ३० देखि ३५ हजार रुपैयाँसम्म आम्दानी गरी विभिन्न समूहमा बचत गर्न थालेकी छु । जसले गर्दा मलाई अप्ठ्यारो परेको समयमा कसैसँग पनि ऋण माग्नु परेको छैन ।



# “अपाङ्गता भत्ताको पैसाले औषधी उपचार गर्ने पोषणयुक्त खाना किन्न सहज भएको छ”

शाहिद र सवाना दुई दाजु बहिनी हुन् । उनीहरू शारीरिक रूपमा अपाङ्गता भएका बालबालिका हुन् । अपाङ्गता भएका बालबालिकाले पनि अपाङ्गता भत्ता प्राप्त गर्न सक्छन् भन्ने कुरा उनीहरूका बुवाआमालाई जानकारी थिएन । गरिब परिवारमा हुर्केका उनीहरूको दिनचर्या दयनीय थियो ।

त्यसै क्रममा ग्रामीण नारी उत्थान संघ अन्तर्गत सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य तर छुटेका व्यक्तिहरूको पहिचानका लागि तथ्याङ्क सङ्कलन गर्ने क्रममा उनीहरूको घरमा पुगेर अभिभावकलाई उक्त विषयमा जानकारी प्रदान गरियो । संस्थाले उनीहरूको अपाङ्गताको अवस्थाको बारेमा वडामा छलफल, घर भेटघाट, बालबालिकाको स्वास्थ्य परीक्षण, नगरपालिकामा समन्वय र छलफल लगायत आवश्यक अभिभावक र बालबालिकाका कागजपत्र तयार गरी नगरपालिकामा पेश गर्यो । केही समय पछि २२ श्रावण २०७९ का दिन शाहिद र सवानाले क्रमशः "क" र "ख" वर्गको कार्ड प्राप्त गर्न सफल भए । अहिले उनीहरूले क्रमशः मासिक ३,९९० रुपैयाँ र २,१२८ रुपैयाँका दरले भत्ता प्राप्त गरिरहेका छन् ।

शाहिदले पाएको भत्ताको पैसाले उनको खुट्टा भाँचिएर उपचार गर्न सहायता भयो भने अन्य रकमले पोषणयुक्त खाना अण्डा, मासु, चामल, दाल र कपडा किनेर सहज जीवन यापन गर्न सजिलो भएको छ । त्यस्तै सवानाको हकमा उक्त रकमले पोषणयुक्त खानामा सहयोग पुगेको छ । उनीहरूलाई पालिकामा सञ्चालित अन्य परियोजनामा सम्पर्क गराई घरमै अध्यापनको सुविधा प्राप्त भईरहेको छ । पढ्न थालेपछि अहिले शाहिदले जिज्ञासु भै सांकेतिक भाषामा घरमा नै शिक्षा लिइरहेका छन् र अक्षर चिन्न थाल्नुका साथै औषधि उपचार पाएपछि विस्तारै हिड्न समेत थालेका छन् । सवानालाई विद्यालयमा भर्ना गरी अहिले विद्यालयमा पढ्न जाने गरेकी छिन् । अहिले शाहिदलाई पनि सांकेतिक भाषामा पढाइ हुने विद्यालय भर्ना गर्ने तयारी पनि भैरहेको छ ।



# “अनावश्यक खर्च कटौती गरी बचत गर्ने गरेकी छु”

मेरो नाम सरिता हो । म ईश्वरपुर नगरपालिका–९ मा बस्छु । घरको जेठी बुहारी र संयुक्त परिवार भएको हुँदा मेरो जिम्मेवारीमा सबै घरको काम हुन्छ ।

मलाई बाल संवेदनशील अभिभावक शिक्षा कार्यक्रममा सहभागी हुनुभन्दा पहिला पारिवारिक खर्च भनेको के हो ? कस्ता कस्ता वस्तुमा खर्चगर्ने भन्नेबारे थाहा नै थिएन । त्यसैगरी बचत गर्दा के हुन्छ ? किन बचत गर्ने ? आफ्नो घरको खर्च कसरी राख्ने ? के मा राख्ने ? राखेर पनि के गर्ने ? हुने खर्च भईहाल्छ, भनेर हिसाब किताब राख्ने गरेको थिईन ।

अहिले मैले दैनिक आम्दानी खर्चको हिसाब किताब राख्ने गरेकी छु । आवश्यक र अनावश्यक खर्चका विषयमा परिवारमा छलफल गर्ने गरेकी छु र अनावश्यक खर्चको कटौती गरी मासिक १,००० रुपैयाँ बचत गर्ने गरेकी छु । तरकारी किन्नका लागि श्रीमान्ले दिनुभएको रकम पनि आवश्यकता अनुसारको तरकारी खरिद गरी बाँकी पैसा बचत गर्ने गरेको छु । मैले अहिले बचत गरेँ र अनावश्यक खर्च कटौती गरेँ भने भविष्यको लागि आपतविपद् पर्दा सहज हुन्छ र कसैसँग ऋण माग्न जानु पर्दैन भन्ने महशसु भयो । त्यसैले अहिले मैले छोरीको राम्रो ख्याल गर्ने र भविष्यका लागि बचत गर्न सिकेकी छु । मैले अनावश्यक खर्चको रकम कटौती गरी जम्मा गरेको रकमले छोरी बिरामी परेको बेला उपचार गर्न सहयोग पुगेको छ ।



# अपाङ्गता भत्ताले जीवन निर्वाहमा सहयोग पुगेको छ

शारीरिक अपाङ्गता भएकी सुन्दर देवी ईश्वरपुर नगरपालिकामा बस्छिन् । दैनिक ज्यालामजदुरीको रकमबाट जीवन गुजारा गर्ने उनको परिवारको आर्थिक अवस्था कमजोर भएका कारण स्वास्थ्य उपचार गर्न नसक्दा शारीरिक अवस्था झनै कमजोर र नाजुक बन्दै गएको थियो ।

सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य तर छुटेका व्यक्तिहरूको नामावली सङ्कलन गर्ने क्रममा शारीरिक रूपमा अपाङ्गता भएकी सुन्दर देवीको पहिचान भएको थियो । उनको हात खुट्टा नै चल्दैनथ्यो । अपाङ्गता भएका व्यक्तिले भत्ता पाउँछन् भन्ने कुरा उनलाई जानकारी नै थिएन । उनको नाम सङ्कलन गरियो । नगरपालिकाको वडा स्तरीय सामाजिक सुरक्षा गुँनासो सुनुवाइ समितिमा उनको विषयमा छलफल भयो । उनको वास्तविक अवस्थाका विषयमा स्थलगत अनुगमन, छलफल, कागजपत्र सङ्कलन, स्वास्थ्य परीक्षण लगायतका सबै प्रक्रिया पूरा गरी उनले "क" वर्गको अपाङ्गता परिचय–पत्र प्राप्त गरिन् । हाल उनले बैंक खाता मार्फत मासिक ३,९९० रुपैयाँ अपाङ्गता भत्ताको रकम प्राप्त गरिरहेकी छिन् । उनले पहिलो किस्ताको रूपमा २०८१ फागुन १० गतेका दिन ३ महिनाको  ११,९७० रुपैयाँ प्राप्त गरेकी थिईन् । भत्ताको रकमले औषधि उपचार, खाद्यान्न, लुगाफाटा किन्न सहयोग भईरहेको छ ।



# “अनावश्यक खर्च घटाउने र बचत गर्ने गरेकी छु”

ईश्वरपुर नगरपालिकामा बस्ने मेरो नाम सुनिता हो । अभिभावक कक्षामा सहभागी भएपश्चात् गर्भवती र सुत्केरी अवस्थामा गर्नुपर्ने सबै कुराहरू थाहा पाएँ र सोही अनुसार लागू गरेको हुँदा मेरो सानो छोरा स्वस्थ जन्मेको छ । मैले आवश्यक पूर्व तयारी गरेको थिएँ, बच्चालाई जन्मेको १ घण्टाभित्र नै बिगौती दुध खुवाएँ, बच्चाको जन्मने बित्तिकै तौल पनि लिएँ । बच्चाको स्वास्थ्य परीक्षण पनि गरियो । सबै राम्रो रहेको हुँदा खुसी पनि लागेको थियो ।

अभिभावक शिक्षाबाट मैले बालबालिकाप्रति सकारात्मक धारण अभिवृद्धि गर्न, समानुभूति राख्न, माया देखाउन, उनीहरूको चाहनालाई पछ्याउन, नजिकबाट अर्थपूर्ण कुराकानी गर्न, बानी व्यवहारका सम्बन्धमा सकारात्मक तरिकाबाट सीमानिर्धारण गर्न लगायतका थुप्रै विषयमा जानकारी पाएँ । अहिले मलाई छोराहरूसँग असल व्यवहार गर्न सहज भएको छ । मैले बालपोषण भत्ता, पारिवारिक खर्च व्यवस्थापनका विषयमा पनि जानकारी पाएँ र सोही अनुसार अहिले आफ्नो बानी व्यवहार परिवर्तन गरेको छु । दैनिक आम्दानी खर्चको अवस्थाको लेजर राख्ने, अनावश्यक खर्च घटाउने र बचत गर्ने गरेकी छु भने आफूले सिकेका सबै कुराहरू घरपरिवारलाई पनि भन्ने र सम्झाउने गरेकी छु ।

हामीले यस कार्यक्रममा सहभागी भएपछि टोलमा नै महिला समूह निर्माण गरी मासिक ५ सय जम्मा गर्न सुरुवात गरेपछि मैले हालसम्म ३२ हजार ३ सय रुपैयाँ बचत गरिसकेको छु । यसले गर्दा हाम्रो परिवार खुसी र सुखी भएको छ ।



# “मैले बच्चाहरुलाई समय दिनाले उनीहरु खुशी छन्”

मेरो नाम बिना हो । म ईश्वरपुर नगरपालिका–५मा बस्छु पहिलो बच्चा जन्माउँदा गर्भवास्थामा र सुत्केरी अवस्थामा के गर्ने भन्ने विषयमा राम्रो ज्ञान नहुँदा बच्चा अपरेशन गरेर जन्माउनु पर्दा समस्या भयो र बच्चा जन्मेपछि पनि ११ दिनसम्म अस्पतालमा नै बस्नु परेको थियो । त्यतिबेला स्वास्थ्य परीक्षण गराउने, जन्मेको बच्चालाई आमाको बिगौती दुधमात्र खुवाउनु पर्ने, ६ महिनासम्म बच्चालाई आमाको दुध मात्र खुवाउनुपर्ने लगायतका विषयमा जानकारी नै थिएन ।

अभिभावक शिक्षा कक्षामा प्राप्त ज्ञानका कारण गर्भावस्थाको समयमा स्वास्थ्य जाँच गर्ने, आइरन चक्की, टिटि विरुद्धको खोप, अस्पतालको छनौट, खर्च व्यवस्थापन, गर्भवती अवस्थामा टाढाको यात्रा नगर्ने, गह्रौं भारी नबोक्ने, बच्चा जन्मेपछि शिशुलाई आमाको दुध खुवाउनु पर्ने, आमाले भिटामिनयुक्त खानेकुराहरू खानुपर्ने, बालबालिका जन्मेपछि हेरचाह गर्ने तरिका आदिको बारेमा जानकारी पाउँदा मेरो दोस्रो बच्चा जन्मले बेला मलाई अप्ठ्यारो भएन । मेरो बच्चा स्वस्थ छ । मैले उसलाई समय दिने गरेकी छु । उसको स्याहारलाई सकेजति समय निकालेर उसलाई स्वस्थ र राम्रो मान्छे बनाउने चाहना छ ।

अभिभावकले बालबालिकासँग गर्नुपर्ने व्यवहारको बारेमा मैले अभिभावक कक्षाबाट धेरै कुरा सिकेकी छु जस्तै, बालबालिकासँग आँखामा आँखा जुँधाएर बोल्ने, उनीहरूसँग कुराकानी गर्ने, सकेसम्म धेरै समय दिने, कुरा सुन्ने, गाली तथा कुटपिट गर्नु नहुने र बालबालिकाले महसुस हुनेगरी माया देखाउनु पर्ने रहेछ । अहिले मैले सिकेका कुराहरुलाई व्यवहारमा लागु गरीरहेको छु यसले गर्दा मेरो र बच्चाको सम्बन्ध थप बलियो भएको छ ।

अहिले आफूले सिकेका राम्रा कुराहरू आफ्नो घर परिवार, छिमेकका सासूआमा तथा दिदीबहिनीहरूलाई सुनाउने र बुझाउने गरेकी छु । यसले गाउँ समाजका सबैलाई सकारात्मक सन्देश प्रदान गरिरहेको महसुस मैले गरेकी छु ।



# “हामी दुवैजना मिलेर आम्दानी र खर्चको हिसाब राख्ने गरेका छौँ”

मेरो नाम सन्च कुमारी हो । मेरो श्रीमान्ले अर्काको ट्याक्टर चलाएर कमाएको पैसा नै हाम्रो परिवारको लागि मुख्य आम्दानी हो । हाम्रो गाउँमा चलेको अभिभावक सचेतना कक्षामा मैले पनि बस्ने अवसर पाएकी थिएँ । म सबै कक्षाहरुमा नियमित सहभागी भएकी थिएँ । परिवारको आम्दानी र खर्च व्यवस्थापन कसरी गर्न सकिन्छ भन्ने बारेमा पनि छलफल भएको थियो । पहिले म खर्चको हिसाब राख्दिनथेँ, जे मन लाग्यो त्यहीँ खर्च गर्थें । महँगो कपडा, गहना, छोराछोरीलाई बजारको खानेकुरा, मोबाइलमा धेरै रिचार्ज गर्ने जस्ता अनावश्यक खर्चले गर्दा बचत हुदैनथ्यो । कहिलेकाहीँ गाह्रो पर्दा पैसा जुटाउन समस्या पथ्र्यो ।

हाम्रो आनीबानीमा आएको सानो सानो परिवर्तनले पनि हाम्रो परिवारमा ठूलो फरक पर्दो रहेछ भन्ने कुरा मैले आजभोली राम्ररी बुझेँ । त्यसपछि मैले आफ्नो बानी बदल्न थालेँ । सानो–सानो खर्च पनि टिप्नुपर्छ, परिवारसँग छलफल गरेर आवश्यकता अनुसार खर्च गर्नुपर्छ र बचत गर्नुपर्छ भन्ने कुरा त्यो कक्षाबाट मैले थाहा पाएँ । आजभोली मैले दैनिक खर्च र आम्दानी दुवैको हिसावकिताब कपीमा टिप्ने गरेकी छु । परिवारसँग छलफल गरेर मात्रै पैसा खर्च गर्ने गर्छु । जति बेला मन लाग्यो कपडा, गहना, मोबाइल रिचार्ज र बजारीया खानेकुरा जस्ता कुराहरु किन्ने काम कम गरेका छौँ । जस्तै मोवाईलमा पहिले ५०० रुपैयाँ खर्च गर्थें भने अहिले रु. २०० रुपैयाँले पुर्याउने गरेकी छु । केहि रकम सहकारीमा बचत गर्न थालेकी छु । घरमै बाख्रा र भैंसी पालेकी छु । दूध र दहीको बिक्रीबाट पनि केही आम्दानी हुन्छ । मैले बचत गरेको पैसाले छोराछोरीको पढाई र पोषिलो खानेकुरामा खर्च गर्ने गरेकी छु । अब आफ्नै बचतको पैसाले ट्याक्टर किन्ने योजना पनि बनाएका छौँ ।



# “मैले बालबालिकालाई समय दिने, कथाहरू सुनाउने, उनीहरूसँग खेल्ने गरेकी छु”

मेरो नाम रविता हो । म ईश्वरपुर नगरपालिका–६ मा बस्छु । बालसंवेदनशील अभिभावक सत्रमा सहभागी हुनुभन्दा पहिला म घरबाट बाहिर जानलाई असहज महसुस गर्दथेँ । मलाई गर्भवती अवस्थामा के गर्ने भन्ने विषयमा पनि जानकारी थिएन र सिकाउने व्यक्ति पनि कोही थिएन । जब म कक्षामा सहभागी भए तब धेरै कुराहरू सिक्ने मौका पाए त्यसमा म अत्यन्तै खुसी छु ।

म पोषण सत्रमा सहभागी भएपछि गर्भावस्थामा स्वास्थ्य जाँच गरिरहनुपर्ने, आइरन चक्की खानुपर्नेर्, बच्चा जन्माउनका लागि आवश्यक रकमको व्यवस्था गर्नुपर्ने, कुन अस्पताल जाने भन्ने कुराको परिवारमा छलफल गर्नुपर्ने, बच्चा घरमा नजन्माई अस्पतालमा जन्माउनु पर्ने, गर्भावस्थामा टाढाको यात्र नगर्ने, गरुङ्गा भारी नबोक्ने, बच्चा जन्मेपछि एक घण्टा भित्र अनिवार्य आमाको बिगौती दुध खावाउनु पर्ने, आमाले भिटामिन युक्त खानेकुराहरू खानु पर्ने, अनावश्यक औषधीको सेवन गर्न नहुने लगायतका विषयमा जानकारी प्राप्त गर्न पाउँदा मैले आफ्ना बालबालिकालाई स्वस्थ र तन्दुरुस्त राख्न सकेकी छु । यतिमात्र होईन मैले भविष्यलाई सोचेर दैनिक आम्दानी खर्चको हिसाब राखी आवश्यक र अनावश्यक खर्चलाई छुट्याएर बचत पनि गर्ने गरेकी छु । जसकारण मेरो छोराछोरी स्वस्थ र शारीरिक, मानसिक रूपमा तन्दुरुस्त रहेका छन् ।

अहिले म बालबालिकाले बुझ्ने गरी माया गर्ने, उनीहरूलाई समय दिने, कथाहरू सुनाउने, उनीहरूसँग खेल्ने, उनीहरूले भने अनुसारका खाना घरमा नै पकाएर खुवाउने गर्न थालेकी छु । बालबालिकालाई गर्ने असल अभिभावकको भूमिकाका विषयमा थाहा पाएर अरूहरूलाई पनि बताउने गरेकी छु । *हामी अभिभावक असल भएर बालमैत्री व्यवहार गर्न सकेको खण्डमा बालबालिका असलमात्र हैन सक्षम पनि बन्दछन् त्यसैले सबै आमाहरूलाई असल अभिभावक शिक्षा जरुरी रहेको मैले सहसुस गरेकी छु ।*



# “बचत गर्ने र अनावश्यक खर्च कम गर्ने गरेकी छु”

ईश्वरपुर नगरपालिका–५ मा बस्ने मेरो नाम सहिना हो । मलाई पहिला आम्दानी धेरै भएपनि त्यसको कुनै पनि व्यवस्थापन गर्ने तरिकाका बारेमा थाहा थिएन । श्रीमान्ले कमाएर ल्याएको पैसा आजै खर्च गर्ने भोलिका बचत गर्ने नगर्ने परिपाटी थियो । म घरमा कहिलेकाहीँ हाँस, कुखुरा बेच्थेँ र त्यसबाट आएको आम्दानी त्यही दिन खर्च गरिहाल्थेँ । बचतको बारेमा वास्तै गरेको थिएन । एक समय मेरो छोरो र श्रीमान् विरामी हुनु भयो । हामीसँग उपचार गर्ने पैसा पनि थिएन । छिमेकीसँग पैसा सापट माग्न जाँदा, तिमीले कसरी तिर्छौ ? तिम्रो श्रीमान् विरामी छ, पैसा कमाउन सक्दैन, जाउ पैसा दिन्न भन्नुभयो । त्यति बेलासम्म पनि मैले भविष्यका लागि केही सोचेको थिइन ।

अभिभावक शिक्षा कार्यक्रमका कक्षाहरूमा सहभागी हुने मौका पाएपछि हामीले वर्तमानमा मात्र सुखी भएर नहुने रहेछ भविष्यमा पनि केही रकमको जोहो गर्नुपर्ने रहेछ भन्ने बुझे । जतिबेला मैले पैसा नभएका कारण श्रीमान्को उपचार गर्न नसकेको याद आयो । यो सत्र पहिले नै आइदिएको भए मैले मेरो श्रीमान्ले कमाएको बेला बचत गर्ने थिए होला । अहिले बचतको महत्व बुझिसकेपछि मासिक ५ सय बचत गर्न थालेकी छु । समस्या परेका बखतमा बचतको रकम झिकि चलाउन सकियो र त्यसको व्याज पनि तिर्नु नपर्ने । हाल कमाएको केही रकम बचत गर्ने बानिका साथै अनावश्यक खर्च गर्ने बानी पनि हटाएकी छु ।



# पोषिलो खानेकुराले गीताको स्वास्थ्य राम्रो र उनी हृष्टपुष्ट देखिन थालेकी छन्

ईश्वरपुर नगरपालिका वडा नं. ५ मा जन्मिएकी ६ वर्षीया गीता कुमारी शारीरिक रूपमा अपाङ्गता भएकी बालिका हुन् । नेपाल सरकारद्वारा सञ्चालित सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य तर छुटेका व्यक्तिहरूको तथ्याङ्क सङ्कलन गर्ने क्रममा उनको अवस्थाको जानकारी प्राप्त भयो । उनको परिवारका सदस्यलाई बालपोषण भत्ता र अपाङ्गता भत्ता पनि पाइन्छ भन्ने विषयमा थाहा नभएका कारण उनी भत्ताबाट वञ्चित थिइन ।

उनको घरपरिवारमा नै गएर वास्तविक अवस्था बुझेर पारिवारिक अवस्थाको विश्लेषण गरिएको थियो । स्थानीय सरकारका प्रतिनिधि वडा अध्यक्षले पनि उनको अवस्थाको अनुगमन गर्नुभयो । उनकी आमाको पनि नागरिकता बनेको थिएन, विवाह दर्ता पनि बनेको थिएन भने गिता कुमारीको पनि जन्मदर्ता बनेको थिएन । यसै प्रक्रिया सुरु भएपछि गिताको आमाको नागरिकता, जन्मदर्ता, नाता प्रमाणित, उनको जन्मदर्ता, अपाङ्गता परिचयपत्र सबै बनाउनको लागि निरन्तर ग्रामीण नारी उत्थान संघ हरिपुर र सेभ द चिल्ड्रेनको संयुक्त साझेदारीमा सञ्चालित पहुँच परियोजनाले सहयोग र नगरपालिकाले आवश्यक सम्पूर्ण प्रक्रियामा सहजीकरण गरी लामो प्रयास पछि उनको परिवारको कागजपत्रका साथै उनको पनि "क" वर्गको अपाङ्गता परिचय–पत्र बन्न सफल भयो ।

अपाङ्गता परिचय–पत्र प्राप्त पछि गीता कुमारीले सामाजिक सुरक्षा भत्ताको रकम मासिक रु. ३९९०।– का दरले पाउन थालेकी छिन् । अहिले गीताले उक्त रकम प्राप्तगरेपछि उनका बुवाले उनका लागि पोषिला खानेकुरा किनेर ल्याइ खुवाउन थाल्नु भएको छ र हाल उनको स्वास्थ्य राम्रो भएको र हृष्टपुष्ट पनि देखिन थालेकी छन् । उनको परिवारका सबै सदस्यहरूले खुसी व्यक्त गर्दै पहिला छोरी अपाङ्गता भएको भन्न नचाहने परिवार अहिले खुलेर छोरीले पाएको सामाजिक सुरक्षाको भत्ताको विषयमा बोल्न थाल्नु भएको छ र अरूलाई पनि अपाङ्गता भएका व्यक्तिप्रति गर्नुपर्ने व्यवहारका विषयमा सम्झाउन थाल्नु भएको छ ।



# अभिभावक सचेतना कार्यक्रम सञ्चालनका लागि तालिम प्राप्त सहजकर्ताहरुको विवरण

| क्र. स. | नाम | ठेगाना |
|---|---|---|
| १. | निर्पा कुमारी चौधरी | ईश्वरपुर १० |
| २ | बबिता चौधरी | ईश्वरपुर १० |
| ३ | नितु चौधरी | ईश्वरपुर ९ |
| ४ | रुवी कुमारी धामी | ईश्वरपुर ९ |
| ५ | प्रशंसा कुमारी पौडेल | ईश्वरपुर ८ |
| ६ | दिपा देवकोटा | ईश्वरपुर ८ |
| ७ | निभा कुमारी देवी | ईश्वरपुर ५ |
| ८ | कंचन कुमारी यादव | ईश्वरपुर ५ |
| ९ | निशु कुमारी | ईश्वरपुर ६ |
| १० | निशा कुमारी चौधरी | ईश्वरपुर ६ |
| ११ | सुनिता कुमारी पन्त | ईश्वरपुर ७ |
| १२ | सबिना घिमिरे | ईश्वरपुर ७ |
| १३. | मीना कुमारी सिंह दनुवार | ईश्वरपुर ०१ |

| क्र. स. | नाम | ठेगाना |
|---|---|---|
| १४ | पुजा कुमारी तक्मिनी | ईश्वरपुर ०१ |
| १५ | रबिता चौधरी | ईश्वरपुर ११ |
| १६ | राधा कुमारी कोइरी | ईश्वरपुर १४ |
| १७ | ज्योति मिश्र सिंह | ईश्वरपुर १४ |
| १८ | नम्रता ढुंगाना | ईश्वरपुर ०६ |
| १९ | सोबिता ठाकुर | ईश्वरपुर ०६ |
| २० | करिमा कुमारी चौधरी | ईश्वरपुर १० |
| २१ | सरिता राम | ईश्वरपुर १० |
| २२ | सीमा राय यादव | ईश्वरपुर ०३ |
| २३ | मेनुका अधिकारी | ईश्वरपुर ०३ |
| २४ | शिवानी चौधरी | ईश्वरपुर ०९ |
| २५ | रेणु चौधरी | ईश्वरपुर ०९ |
| २६ | ज्योति कुमारी सिंह | ईश्वरपुर १५ |
| २७ | मंजु कुमारी सिंह | ईश्वरपुर १५ |

बाल संवेदनशील सामाजिक सुरक्षा परियोजना फिनल्याण्ड सरकारको सहयोगमा सेभ द चिल्ड्रेन फिनल्याण्ड र सेभ द चिल्ड्रेन नेपालको साझेदारीमा नेपालमा सञ्चालित परियोजना हो । स्थानीय तह तथा समुदायस्तरमा यस परियोजनाको कार्यान्वयन ग्रामीण नारी उत्थान संघ, हरिपूर, सर्लाहीले गरिरहेको छ ।

**प्रकाशनः**
ईश्वरपुर नगरपालिका, सर्लाही र सेभ द चिल्ड्रेन

**कथा सङ्कलनः**
ग्रामीण नारी उत्थान संघ, हरिपूर, सर्लाही

**थप जानकारीको लागि सम्पर्कः**
सेभ द चिल्ड्रेन, नेपाल कन्ट्रि कार्यालय, काठमाडौँ
सम्पर्क नं.: ०१–४५६८१३०, ४५६४८०३
इमेलः post.nepal@savethechildren.org

**ग्रामीण नारी उत्थान संघ, हरिपूर, सर्लाही**
फोन नं. ०४६–४१११०९

With support from Finland's development cooperation

Save the Children